# अनुसूची - २

**(दफा ४ तथा अनुसूची- १ को भाग- १ संग सम्बन्धित)**

**आठराई त्रिवेणी गाउँपालिका**

**हाङपाङ,ताप्लेजुङ**

**१ नं प्रदेश,नेपाल**

# स्थानीय राजपत्र

खण्ड :-......**१.....** संख्या :-....**१**............ मिति :-.....**२०७४......../...०४.../...१५....**

## भाग - १

## आठराई त्रिवेणी गाउँपालिका

**नेपालको संबिधानको धारा २२६(१) वमोजिमको आठराई त्रिवेणी गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**सम्वत् २०७४ को ऐन नं १**

# <u>आठराई त्रिवेणी गाउँपालिकाको आर्थिक ऐन</u>

**आठराई त्रिबेणी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**सभा बाट स्वीकृत मिति २०७४-०४-१२**

**प्रस्तावनाः**

**आठराई त्रिबेणी गाउँपालिका**को आर्थिक वर्ष २०७४/०७५  को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले ,नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम **आठराई त्रिबेणी** गाउँ सभाले यो ऐन बनाएको छ ।

## <u>प्रारम्भिक</u>

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "आर्थिक ऐन २०७४" रहेको छ ।

(२) यो ऐन २०७४  साल श्रावण १ गतेदेखि **आठराई त्रिबेणी** गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति करघरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर  (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः**  गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिकाक्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः**गाउँपालिकाक्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटनशुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

# <u>अनुसूचीहरु</u>

## अनुसूची १
### दफा २ सँग सम्बन्धित
### घर जगगा (घरधुरी ) करको दर (वार्षिक रुपमा)

| क्र.सं. | विवरण | दररेट (रु. मा) | कैफियत |
|---|---|---|---|
| १ | पक्की घर :<br>(क) दुई वा सो भन्दा बढी तला भएको पक्की घर<br>(ख) एकतले पक्की घर | <br>८००<br>५०० | |
| २ | अर्ध पक्की घर | ४०० | |
| ३ | कच्ची घर :<br>(क) जस्ताको छानो भएको घर<br>(ख) टायल (ईटा) को छानो भएको घर<br>(ग) खर वा परालको छानो भएको घर | <br>२००<br>१५०<br>१०० | |

## अनुसूची-२
### दफा ३ सँग सम्बन्धित
### भूमी कर (मालपोत) दर

| क्र.सं. | विवरण | खेत | पाखोबारी | कैफियत |
|---|---|---|---|---|
| १ | अब्बल | ६ | ५ | |
| २ | दोयम | ५ | ४ | |
| ३ | सिम | ४ | ३ | |
| ४ | चाहार | ३ | २ | |
| ५ | घडेरी प्रयोजनमा प्रायोग भईरहेको जग्गामा :<br>क) दोभान बजार र गाउँपालिका केन्द्रको वरीपरी ५०० मि.सम्म जग्गाको मूल्यांकन हेरी प्रति आना रु.२५० र अन्य ठाउँको जग्गामा प्रतिआना रु. १०० लाग्नेछ । | | | |

**नोट : १. अतिरिक्त कर सम्बन्धमा ।**

(क) कूल जग्गा ५ रोपनी भन्दा कम भएमा एक मुष्ट ५ तिर्नुपर्नेछ । साथै रु.५ भन्दा कमको रसिद काटिने छैन ।

(ख) ५ रोपनी वा सो भन्दा बढी ३० रोपनीसम्म जग्गा भएमा अन्य थप कर लाग्नेछैन ।

(ग) ३० रोपनी भन्दा बढी ५० रोपनीसम्म जग्गा भएमा मालपोत लाग्ने करको अतिरिक्त थप २० प्रतिशत कर लाग्नेछ ।

(घ) ५० रोपनी भन्दा बढी ८० रोपनीसम्म जग्गा भएमा थप ३० प्रतिशत अतिरिक्त कर लाग्नेछ ।

(ङ) ८० रोपनी भन्दा बढी १०० रोपनीसम्म जग्गा भएमा थप ४० प्रतिशत अतिरिक्त कर लाग्नेछ ।

(च) १०० रोपनी भन्दा बढी जग्गा भएमा मालपोत लाग्ने करको अतिरिक्त थप ५० प्रतिशत कर लाग्नेछ ।

**नोट : २ जरिवाना सम्बन्धमा ।**

(क) हरेक आर्थिक वर्षको मालपोत सालबसाली रुपमा आ.व. नसकिदै बुझाउनु पर्नेछ । सो नबुझाए निम्न बमोजिम जरिवाना लाग्नेछ :

१. पहिलो वर्ष भए १०%
२. दोस्रो वर्ष भए २०%
३. तेस्रो वर्ष भए ३०%
४. चौथो वर्ष भए ४०%
५. पाँचौ वर्ष भए ५०%
६. छैठौं वर्ष भए ६०%
७. सातौं वर्ष भए ७०%
८. आठौं वर्ष भए ८०%
९. नवौं वर्ष भए ९०%
१०. दशौं वर्ष भए १००%
११. र सो भन्दा बढी जतिसुकै वर्षको बक्यौता भए पनि १२५% जरिवाना लाग्नेछ ।

**अनुसूची ३**
**दफा ४ सँग सम्बन्धित**
**घरबहाल करको दर (प्रति कोठा)**

| क्र.सं. | विवरण | गाउँ क्षेत्र | बजार क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | पक्की | ५% | १५% | |
| २ | कच्ची | ५% | १५% | |

**अनुसूची–४**
**दफा ५ सँग सम्बन्धित**
**व्यवसाय करको दर**
**(व्यापार व्यवसाय तर्फ)**

नोटः दर्ता र नवीकरण गर्दा तल उल्लेखित एउटै दर लाग्नेछ । एउटै पसलमा विभिन्न प्रकृतिको सामान राखी बिक्री गर्ने पसलले सम्पूर्ण सामानको मूल्यको आधारमा कर तिर्ने ।

| क्र.सं. | व्यवसायको प्रकार | २ लाख सम्म | १० लाखसम्म | १० लाखभन्दा बढी | कैफियत |
|---|---|---|---|---|---|
| १ | किराना पसल | २०० | ५०० | १००० | |
| २ | चिया नास्ता पसल | १०० | २०० | ३०० | |
| ३ | होटल - खाने बस्ने सुविधा भएको ) | ५०० | १००० | २००० | |
| ४ | थान कपडा पसल | २०० | ७०० | १५०० | |
| ५ | हार्डवेयर पसल | ५०० | १००० | २००० | |
| ६ | तरकारी तथा फलफूल पसल | ५० | १०० | २०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | स्टेसनरी, पुस्तक, पत्रपत्रिका पसल | २०० | ५०० | ८०० | |
| ८ | फेन्सी कपडा पसल | २०० | ५०० | १००० | |
| ९ | औषधी पसल( पशु औषधी समेत ) | १०० | २०० | ५०० | |
| १० | टेलरिङ | १०० | २०० | ५०० | |
| ११ | फर्निचर पसल | ५०० | १००० | २००० | |
| १२ | ट्युसन कोचिङ सेन्टर | १०० | २०० | ३०० | |
| १३ | दर्तावाला मदिरा पसल | ५०० | २००० | ५००० | |
| १४ | सुन चाँदी पसल निर्माण समेत | १००० | ३००० | ५००० | |
| १५ | भाँडा पसल | ५०० | १००० | १५०० | |
| १६ | घडि रेडियो मोबाइल लगायत इलेक्ट्रोनिक पसल | ५०० | १००० | २००० | |
| १७ | घडी, रेडियो, मोबाइल आदि मर्मत सेन्टर | २०० | ४०० | ६०० | |
| १८ | व्युटि पार्लर, सैलुन | २०० | ४०० | ६०० | |
| १९ | मोटर साइकल, गाडी मर्मत सेन्टर | ५०० | १५०० | २५०० | |
| २० | मनि ट्रान्सफर | ५०० | १५०० | ३००० | |
| २१ | मासु पसल | ५०० | १००० | १५०० | |
| २२ | कस्मेटिक | २०० | ५०० | १००० | |
| २३ | आर्ट सेन्टर | १०० | २०० | ५०० | |

**उद्योग व्यवसाय तर्फ :**

| क.सं. | विवरण | ५ लाख सम्म | १५ लाखसम्म | १५ लाखभन्दा बढी | कैफियत |
|---|---|---|---|---|---|
| १ | ईट्टा भट्टा | ५००० | १०००० | १५००० | |
| २ | स-मील फर्निचर उद्योग | २००० | ५००० | १५००० | |
| ३ | कुटानी पिसानी मील | ५०० | १००० | १५०० | |
| ४ | छपाई प्रेस | ५०० | १००० | १५०० | |
| ५ | थुक्पा, पाउरोटी, बिस्कुट उद्योग | ५०० | १००० | १५०० | |
| ६ | कृषि औजार निर्माण उद्योग | १०० | २०० | ३०० | |
| ७ | ग्रील उद्योग | १००० | २००० | ३००० | |
| ८ | अन्य उद्योगलाई उद्योगको प्रकृति हेरी | रु ५०० देखि १५००० सम्म लिन सकिने । | | | |

**अनुसूची–५**
**दफा ६ सँग सम्बन्धित**
**जडिबुटी, कवाडी र जीवजन्तु करको दररेट**

| क.सं. | विवरण | दर (प्रति मन) रु. मा | कैफियत |
|---|---|---|---|
| १ | चिराइतो निकासी | २०० | |
| २ | अलैंची निकासी | ५०० | |
| ३ | अम्रिसो | १०० | |
| ४ | अन्य जीवजन्तु तथा जडीबुटीको प्रकृति हेरी निर्धारण गरिनेछ। | | |

**अनुसूची–६**
**दफा ७ सँग सम्बन्धित**
**सवारी साधनमा पटके कर**

| क.सं . | सडक | | दर | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | ट्याक्सी | बस | ट्याक्टर | ह्याभी ठूला गाडी, | |
| | | १५०० वार्षिक | | १५०० वार्षिक | जेसिबि ३०००,स्काइभेटर ५००० प्रबेश शुल्क,स्थायी रुपमा किनेर सञ्चालनगरेमा जेसिबि५०००। स्काइभेटर १०,०००। लाग्ने । | |

नोटः हाल कुनै पनि सडकमा बस, ट्याक्सी नगुड्ने भएकोले निर्धारण गरिएको छैन ।

**अनुसूची–७**
**दफा ८ सँग सम्बन्धित**
**विज्ञापन कर दर**

| विवरण | होर्डिङ बोर्ड | वाल पेन्टिङ | कैफियत |
|---|---|---|---|
| प्रति वर्गफिट | १० | ५ | |
| अन्य प्रकारका विज्ञापनका प्रकृति हेरी राजश्व परामर्श समितिले निर्धारण गर्ने | | | |

**अनुसूची–८**
**दफा ९ सँग सम्बन्धित**
**मनोरञ्जनसँग सम्बन्धित कर**

| | | | |
|---|---|---|---|
| यसको दर पछि निर्धारण गरिनेछ। | | | |

## अनुसूची– ९
## दफा १० सँग सम्बन्धित
## बहाल बिटौरी शुल्क दर

| | | | |
|---|---|---|---|
| यसको दर पछि निर्धारण गरिनेछ। | | | |

## अनुसूची– १०
## दफा ११ सँग सम्बन्धित
## पार्किङ शुल्क दर

| | | | |
|---|---|---|---|
| यसको दर पछि निर्धारण गरिनेछ। (हाल कुनै प्रकारको गाडी सञ्चालनमा नभएको ( | | | |

## अनुसूची– ११
## दफा १२ सँग सम्बन्धित
## ट्रेकिङ, कायाकिङ, क्यानोईङ, बन्जी जम्पिङ, जिपफ्लायर, र न्याफटिङ शुल्क दर

| | | | |
|---|---|---|---|
| यसको दर पछि निर्धारण गरिनेछ। | | | |

## अनुसूची– १२
## दफा १३ सँग सम्बन्धित
## सिफारिस, सेवा शुल्क दस्तुर

| **क्र.सं.** | **विवरण** | **सिफारिस प्रमाणित दस्तुर रु.** | **कैफियत** |
|---|---|---|---|
| १ | निवेदन | १० | |
| २ | **नागरिकता सम्बन्धीसिफारिस** | | |
| | अनुसूची १ र प्रतिलिपी सिफारिस<br>अनुसूची ३ सिफारिस<br>सनाखत सम्बन्धी सिफारिस<br>नागरिकता विवरण संशोधन<br>नागरिकता सर्जमिन | १५०।<br>२००।<br>२००<br>२००<br>२०० | |
| **३** | **जग्गाको स्रेस्ता कार्यान्वयन तथा दर्ता सिफारिस** | | |
| | बजार क्षेत्र र मुख्य राजमार्गसँग जोडिएको जग्गा प्रति रोपनी | १०० | |
| | ग्राभेल सडकले जोडिएको जग्गा प्रति रोपनी | ५० | |
| | कच्चि सडकले जोडिएको जग्गा प्रति रोपनी | २५ | |
| | अन्य जग्गा प्रति रोपनी | २० | |
| **४** | **जग्गाको चार किल्ला प्रमाणित** | | |

| | | | |
|---|---|---|---|
| | १५ रोपनीसम्म | ५०० | |
| | ३० रोपनी सम्म | ७०० | |
| | ३० रोपनी भन्दा बढी जति रोपनी भएता पनि | १००० | |
| ५ | **जग्गा चार किल्ला सिफारिस** | | |
| | १५ रोपनीसम्म | ५०० | |
| | ३० रोपनी सम्म | ७०० | |
| | ३० रोपनी भन्दा बढी जति रोपनी भएता पनि | १००० | |
| ६ | **घरजग्गा मूल्याङ्कन र आम्दानी प्रमाणित** | | |
| | घर जग्गाको मूल्याङ्कन प्रतिहजार | १ | |
| | आम्दानी प्रमाणित प्रतिहजार | १ | |
| | विद्यार्थी भिजाको प्रयोजनको लागि २५% छुट हुनेछ । | | |
| ७ | घरबाटो प्रमाणित | ५०० | |
| ८ | धनीपूर्जामा घर कायम | ५०० | |
| ९ | **जग्गा सम्बन्धी अन्य सिफारिस** | | |
| | पूर्जामा विवरण संशोधन | २०० | |
| | पूर्जा हराएको | २०० | |
| | जग्गा हदबन्दी, नरबढी कायम | ५०० | |
| १० | **पेन्सन सम्बन्धी सिफारिसमा** | | |
| | पेन्सन नामसारी | १००० | |
| | परिवार विवरण प्रमाणित | ५०० | |
| | रहल पेन्सन, जिवित सिफारिस | ५०० | |
| ११ | **घर सार्ने तथा निजी वनको काठ सिफारिस** | | |
| | एकतले घरको काठ | २०० | |
| | दुई वा सो भन्दा बढी तले घरको काठ | ४०० | |
| | गोलिया काठ प्रति ट्याक्टर | २०० | |
| | गोलिया काठ प्रति ट्रक | ५०० | |
| | दाउरा प्रति ट्रक | १०० | |
| | दाउरा प्रति ट्याक्टर | ५० | |
| | रुख प्रति गोटा | २५ | |
| १२ | **संस्था दर्ता** | | |
| | संस्था दर्ता, नवीकरण | १०००। | |
| | नीजि विद्यालय दर्ता, कक्षा थप | १०००। | |
| | सहकारी दर्ता तथा वित्तीय संस्था दर्ता | १०००। | |
| | नवीकरण र खारेजी | ५००। | |
| १३ | **हातहतियार नवीकरण सिफारिस** | ५००। | |
| १४ | **अन्य सिफारिस** | | |
| | नाता प्रमाणित | २००। | |

| | | | |
|---|---|---|---|
| | स्थायी बसोबास चालचलन प्रमाणित | २००। | |
| | जन्म मृत्यु, विवाहित अविवाहित प्रमाणित | १००। | |
| | बैदेशिक रोजगार प्रमाणित | २००। | |
| | घरेलु साना उद्योग दर्ता | ५००। | |
| | कर चुक्ता प्रमाणित | २००। | |
| | विद्युत, फोन, धारा जडान सिफारिस | २००। | |
| | नाबालक परिचयपत्र सिफारिस | १००। | |
| | दुई वटा नाम प्रमाणित सिफारिस | २००। | |
| | आदिबासी जनजाति, दलित, अल्पसंख्यक, मधेशी, मुस्लीम सिफारिस तथा प्रमाणित | १००। | |
| | परिवार विवरण प्रमाणित | १०० | |
| | **यसमा उल्लेख नभएका सिफारिस प्रकृति हेरी** | रु १०० देखि ५०० सम्म लिन सकिने | |
| **१५** | **घरायसी राजिनामा प्रमाणित दस्तुर** | | |
| | घर जग्गा घरायसी राजिनामा लिखित प्रमाणित | ५०० | |
| | कपाली तमसुक प्रमाणित | ५०० | |
| **१६** | **घरनक्सा पास** | | |
| | नयाँ निर्माण प्रति वर्ग फुट | ३ | |
| | पुरानो प्रति वर्ग फुट | २ | |
| | कम्पाउण्ड वाल प्रति वर्ग फुट | १ | |
| **१७** | **बिक्री आय** | | |
| | पुराना समान दाउरा, काठ बिक्री | | |
| | फारम बिक्री | रु. १० | |
| | ऐन, नियमावली, कार्यविधि, गाउँ पार्श्व चित्र आदि मूल्य तोके बमोजिम हुने । | | |
| | कार्यालयको कागजात उतार प्रतिलिपि प्रतिपाना | रु. ५ | |
| **१८** | **दण्ड सजाय** | | |
| | पञ्जीकरण बिलम्ब शुल्क | ५० | |
| | पञ्जीकरण सेवा शुल्क | ५० | |
| | पैतिस दिन भित्रको घटना दर्तामा कुनै शुल्क नलाग्ने । | | |
| **१९** | **उल्लेखित सबै प्रकारको सिफारिसलाई अंग्रेजीमा तयार गर्दा दोब्बर दस्तुर लिईनेछ ।** | | |

## अनुसूची– १३
## दफा १४ सँग सम्बन्धित
## पर्यटन शुल्क

| | | | |
|---|---|---|---|
| यसको दर पछि निर्धारण गरिनेछ । | | | |

- यस गाउँपालिकाको क्षेत्र भित्र रहेका ढुंगा, गिटी, बालुवाको निकासी सम्बन्धमा यस गाउँपालिकाको सीमानाभित्र (स्थायी बासिन्दाले) एक ट्याक्टरको रु.३००।- र गाउँपालिका बाहिर निकासी भएमा प्रति ट्याक्टर रु ५००।- का दरले कर लगाइनेछ ।

**प्रमाणित मिति २०७४/०४/१२**

**आज्ञाले,**

**छबिलाल राई**

**प्रमुख प्रशासकीय अधिकृत**